27 October 2024

National News

मुख्य समाचार

- प्रधानमन्त्रीले डिजिटल गिरफ्तारीप्रति चिन्ता व्यक्त गर्दै कानुनी रूपमा डिजिटल रूपमा कसैलाई पनि पक्राउ गर्न नसकिने बताउनुभयो
- श्री मोदीले साइबर जालसाजी विरुद्धको अभियानमा विद्यार्थीहरूलाई सामेल हुने गर्नुभयो अपील
- भारत-बंगलादेश सीमामा रहेको पेट्रापोल भूमि बन्दरगाहमा श्री शाहले गर्नुभयो नवनिर्मित टर्मिनल भवनको उद्घाटन
- रूल अफ ल सूचकांकमा भारत ९८औं स्थानमा
- साफ महिला चैम्पियनशिपको सेमिफाइनलमा अहिले भारत र नेपालको खेल हुँदै
- महिला क्रिकेटमा न्यूजील्याण्डले भारतलाई दियो 260 रनको लक्ष्य

पीएम-मन की बात

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले डिजिटल गिरफ्तारीलाई लिएर चिन्ता व्यक्त गर्नुभएको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रममा उहाँले कानुनी रूपमा डिजिटल रूपमा कसैलाई पनि पक्राउ गर्न नसकिने बताउनु भयो। उहाँले डिजिटल गिरफ्तारीका नाममा हुने ठगीलाई रोक्न सबै अनुसन्धान निकायले मिलेर काम गरिरहेको स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्रीले हरेक वर्ग र उमेर समुहका मानिस डिजिटल गिरफ्तारीको सिकार भएको र डरका कारण लाखौं रुपियाँ गुमाएको बताउनुभयो । उहाँले यस्ता फेक कलबाट नडराउन सर्वसाधारणलाई आग्रह गर्नुभयो। श्री मोदीले भन्नुभयो, अनुसन्धान एजेन्सीहरूले फोन वा भिडियो मार्फत कहिल्यै सोधपुछ गर्दैनन्।

प्रधानमन्त्रीले डिजिटल सुरक्षाका लागि तीन उपायबारे बताउनुभयो। यी उपायहरू हुन् - पर्खिनु, सोच्नु र गर्नु। उहाँले यस्तो परिस्थिति उत्पन्न हुँदा शान्त रहन र आफ्नो व्यक्तिगत जानकारी कसैलाई साझा नगर्न सल्लाह दिनुभयो। सम्भव भएसम्म त्यस्तो क्षणको स्क्रिनसट लिएर कुराकानी रेकर्ड गर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्रीले त्यस्ता केसहरूमा सल्लाहको लागि साइबर हेल्पलाइन नम्बर 1930 डायल गर्न र वेबसाइट cybercrime.gov.in मा रिपोर्ट गर्न मानिसहरूलाई सल्लाह दिनुभयो। यस्तो अवस्थामा परिवार र पुलिसलाई जानकारी दिनुपर्ने र प्रमाण सुरक्षित राख्नुपर्ने उहाँले बताउनुभयो ।

प्रधानमन्त्रीले सरकारी निकायबीच समन्वयका लागि राष्ट्रिय साइबर समन्वय केन्द्र स्थापना गरिएको बताउनुभयो । यी एजेन्सीहरूले हजारौं नक्कली आईडी, लाखौं सिमकार्ड, मोबाइल फोन र भिडियो कल गर्ने बैंक खाताहरू ब्लक गरेका छन्।

प्रधानमन्त्रीले साइबर ठगीको सिकार भएका मानिसहरूमा सचेतना फैलाउनुपर्ने बताउनुभयो । ह्यासट्याग सेफ डिजिटल इन्डिया यसको लागि प्रयोग गर्न सकिन्छ। श्री मोदीले साइबर जालसाजी विरुद्धको अभियानमा स्कूल र कलेजका विद्यार्थीहरूलाई सामेल गर्नुपर्ने बताउनुभयो।

भोलि विश्व एनिमेसन दिवस हो । यस अवसरमा प्रधानमन्त्रीले भारत एनिमेसनको संसारमा नयाँ क्रान्तितर्फ अघि बढिरहेको बताउनुभयो। उहाँले एनिमेसनको संसारमा भारतलाई वैश्विक शक्ति बनाउन अपील गर्नुभयो।  श्री मोदीले छोटा भीम, डोलक पुर का डोल, कृष्ण, हनुमान र मोटू-पतलुका फ्यानहरू संसारभर रहेकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले स्मार्टफोनदेखि सिनेमा र गेमिङ कन्सोलदेखि भर्चुअल रियालिटीसम्म सबै ठाउँमा एनिमेसन रहेको बताउनुभयो ।

प्रधानमन्त्रीले भारतमा गेमिङको संसार निरन्तर विस्तार भइरहेको र भारतीय खेलहरू विश्वभर लोकप्रिय हुँदै गएको बताउनुभयो। उहाँले विश्व स्तरमा पनि भारतीय प्रतिभाले गेमिङमा महत्वपूर्ण योगदान गरिरहेकोमा खुशी व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले आत्मनिर्भर भारत अभियानको सफलतामा खुशी व्यक्त गर्नुभयो। उहाँले यो अभियान देशको सामूहिक चेतनाको अंश बनेको बताउनुभयो । श्री मोदीले आत्मनिर्भर भएपछि भारतले हरेक क्षेत्रमा राम्रो काम गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, ‘पहिले भारत रक्षा उपकरणको सबैभन्दा ठूलो खरिदकर्ता थियो तर अहिले 85 देशमा निर्यात गरिरहेको छ । श्री मोदीले भन्नुभयो, भारत चन्द्रमाको दक्षिणी ध्रुवमा पुग्ने पहिलो देश बनेको छ र यसै महिना लद्दाखको हान्लेमा एसियाको सबैभन्दा ठूलो इमेजिङ टेलिस्कोप MACE उद्घाटन गरिएको थियो। भारतमा बनेको यो टेलिस्कोप ४ हजार ३ सय मिटरको उचाइमा रहेको छ ।

प्रधानमन्त्रीले भन्नुभयो, यो वर्ष दुई महानायक - सरदार पटेल र भगवान बिरसा मुन्डाको 150 औं जन्मजयन्ती हो। यी दुवै महान् आत्माहरूले कठिन चुनौतीहरूको सामना गर्नुपर्‍यो तर पनि उनीहरूले देशको एकताको सपना छोडेनन्।

अमित शाह-पोर्ट

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज पश्चिम बंगालको भारत-बंगलादेश सीमामा रहेको पेट्रापोल भूमि बन्दरगाहमा नवनिर्मित यात्री टर्मिनल भवन र मैत्री गेटको उद्धाटन गर्नुभयो। पेट्रापोल भूमि बन्दरगाह् पश्चिम बंगालको उत्तर 24 परगना जिल्लामा अवस्थित छ र दक्षिण एशियाको सबैभन्दा ठूलो भूमि बन्दरगाह हो। यसबाट दुई देशबीचको व्यापारिक गतिविधि हुन्छ ।

यात्री टर्मिनल भवनको उद्देश्य दुई देशबीचको अन्तर्राष्ट्रिय व्यापार र मानिसहरूको आवागमनलाई सहज बनाउनु हो। यो यस क्षेत्रको महत्त्वपूर्ण पूर्वाधार हुनेछ। यसको क्षमता प्रति दिन 20 हजार यात्री रहेको छ र सम्बन्धित सबै सेवाहरू एकै ठाउँमा उपलब्ध छन्। दुवै देशको सहमतिमा फ्रेन्डसिप गेट बनाइएको हो ।

जितेन्द्र-स्पेस

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले भारतको अन्तरिक्ष अर्थतन्त्रले देशको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ । केन्द्रीय मन्त्री भन्नुभएको छ, सरकारले अन्तरिक्ष क्षेत्रको लागि 1 हजार करोड रुपियाँको कोष स्वीकृत गरेको छ र बायो-E-3 नीति बायो-इकोनोमी सिर्जना गर्ने उद्देश्यले बनाएको छ।

रूल अफ ल सूचकांक

कानून र व्यवस्थाका हिसाबले विश्वका 142 देशको अवस्थाका आधारमा तयार पारिएको अन्तर्राष्ट्रिय सूचकांकमा भारत 98औं स्थानमा रहेको छ। सूचकांकमा पाकिस्तान 140औँ स्थानमा रहेको छ । यसरी कानून र व्यवस्थाको दृष्टिकोणले पाकिस्तानलाई विश्वका तीन खराब देशको सूचीमा राखिएको छ। पाकिस्तानपछि माली र नाइजेरिया रहेका छन्।

सूचकांकमा डेनमार्क, नर्वे, फिनल्याण्ड, स्वीडेन र जर्मनी शीर्ष स्थानमा छन् ।

सरकारको अधिकारमा प्रतिबन्ध, भ्रष्टाचारको अवस्था, सरकारको खुलापन, मौलिक अधिकार, सुरक्षा, नियामक प्रणाली र नागरिक तथा आपराधिक न्यायका आधारमा यो सूचकांक तयार गरिएको हो ।

## अंडर 23 कुश्ती

अल्बानियामा भइरहेको अन्डर-23 कुश्ती विश्व चैम्पियनशिपमा भारतले अहिलेसम्ममा एक रजत अनि पाँच काँस्यसहित कुल 6 पदक जितेको छ। च्याम्पियनशिपमा चिराग 57 किलोग्राम फ्री स्टाइल वर्गको फाइनलमा पुगेका छन्। 70 किलोग्राम वर्गमा सुजीत अनि 97 किलोग्राम वर्गमा बिक्कीले पनि आज कांस्य पदकका लागि खेल्नेछन्।

## जापान पारा ब्याडमिन्टन

जापान अन्तर्राष्ट्रिय पारा ब्याडमिन्टन प्रतियोगितामा भारतका सुकान्त कदमले पुरुष एकलमा स्वर्ण पदक जितेका छन्। यसरी नै पुरुष डबलमा सुकान्त कदम र दिनेश राजाहीको जोडीले रजत पदक जितेको छ।

## साफ महिला फुटबल

अहिले नेपालको काठमाडौं स्थित दशरथ रंगशालामा भारत र नेपालमाझ दक्षिण एशियाई फुटबल महासंघ-साफ महिला चैम्पियनशिपको सेमीफाइनल भइरहेको छ। ताजा समाचार अनुसार पहिलो हाफसम्ममा कुनै गोल भएको थिएन। यसभन्दा अघि भएको पहिलो सेमीफाइनलमा बांग्लादेशले भुटानलाई 7-1 ले हराएर फाइनलमा प्रवेश गरेको छ।

## महिला क्रिकेट

भारत र न्युजिल्याण्ड महिला क्रिकेट टीममाझ भइरहेको तीन म्याचको श्रृंखला अन्तर्गत दोस्रो एकदिवसीय अन्तरराष्ट्रीय म्याचमा आज अहमदाबादमा न्यूजील्याण्डले भारतलाई जीतका लागि 260 रनको लक्ष्य दिएको छ। ताजा समाचार अनुसार लक्ष्यलाई पछ्याउँदै भारतले 22 ओवरमा 5 विकेट खर्च गरेर 97 रन बनाएर खेलीरहेको थियो।

## टेबल टेनिस

भारतकी यशस्विनी घोरपड़े अनि कृत्तविका रोयको जोडी अहिले इटलीमा भइरहेको विश्व टेबल टेनिस फीडर क्याग्लियारी टूर्नामेन्टको महिला डबल्स फाइनलमा दक्षिण कोरियाका किम हुङ अनि यू सिवू सित भिड्दैछन्।